निर्णय प्रमाणित

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १** : दोस्रो चौमासिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. २** : रोजगार संयोजकको म्याद थप सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : बेरोजगार व्यक्तिहरुको निवेदन (EMIS) प्रणालीमा प्रविष्ट गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ४** :आ.व. २०७६/०७७ को महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन माथि छलफल सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : कार्यविधि स्वीकृत सम्वन्धमा

**निर्णय नं. १ :**

भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०७७/०७८ को दोस्रो चौमासिक अवधिसम्म भए गरेका सेवाप्रवाह र संचालित कार्यक्रम तथा योजनाहरु सम्वन्धमा प्रगति समिक्षा तथा सार्वजनिक सुनुवाई तपसिलको मिति, समय र स्थानमा संचालन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | क्रियाकलाप | मिति | समय | स्थान |
|---|---|---|---|---|
| १. | प्रगति समिक्षा | २०७७/१२/२३ र २४ गते | विहान १० बजे देखी | गाउँपालिका कार्यालय, वेस्तडा |
| २. | सार्वजनिक सुनुवाई | २०७८/०१/१० गते | विहान १० बजे देखी | गाउँ कार्यापालिकाको कार्यालय, वेस्तडा |

**निर्णय नं. २ :**

भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत प्रधानमन्त्री रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजक श्री बलबहादुर भण्डारीको सेवा करार अवधि २०७७ फागुन २४ गतेदेखी सकिएको हुँदा २०७७ फागुन २५ गतेदेखी २०७८ फागुन २४ गते सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस गाउँपालिका अन्तर्गतका वडाहरुबाट संकलित बेरोजगार व्यक्तिहरुको निवेदन छानविन गरी EMIS प्रणालीमा प्रविष्ट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिकाको गत आर्थिक वर्ष २०७६/०७७ को अन्तिम लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा सो प्रतिवेदन माथि छलफल गरियो ।

**निर्णय नं. ५ :**

विधेयक समितिमा छलफल तथा सुझाव लागि पठाइएका तपसिलका कार्यविधिहरु स्वीकृतको लागि सुझाव तथा परिमार्जन सहित स्वीकृतिको लागि पेश भएकोमा दफावार छलफल गरियो र सो कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल:**

१.स्थानीय लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

२. राजश्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०७७

३. बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०७७



Scanned with CamScanner

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश

**निर्णय नं. ६ :**

भगवतीमाई गाउँपालिकाको वस्ती विकास तथा भवन निर्माण मापदण्ड, २०७७ कार्यालयबाट तर्जुमा/तयार भई छलफल तथा स्वीकृतिको लागि पेश भएकोमा अध्ययन गरी सुझाव सहित पेश गर्न विधेयक समितिमा पठाउने निर्णय गरियो ।



Scanned with CamScanner